# दार्मा गाउँपालिका र अभिभावकको साझेदारीमा शिक्षण सिकाइ सुधार कार्यक्रम, २०८१

दार्मा गाउँपालिका, सल्यान
कर्णाली प्रदेश
नेपाल

**दार्मा गाउँपालिका**

**स्थानीय राजपत्र**

**खण्ड -८ सङ्ख्या : ४ मिति : २०८१/०३/३०**

**भाग -२**

**दार्मा गाउँपालिका**

गाउँकार्यपालिकाबाट स्वीकृत मिति :२०८१/०३/३०

प्रमाणिकरण मिति : २०८१/०३/३०

दार्मा गाउँपालिका र अभिभावकको साझेदारीमा शिक्षण सिकाइ सुधार कार्यक्रम

प्रस्तावना : कुनै पनि देशको सामाजिक तथा आर्थिक विकासमा शिक्षाले ठूलो भूमिका खेलेको हुन्छ। यसलाई मानव विकासको सूचकको रूपमा लिइन्छ। विकासको प्रमुख आधारशिला शिक्षा नै हो, शिक्षाको माध्यमबाट व्यक्तिमा अन्तर्निहित प्रतिभाहरूको विकास हुन गई समग्र समाज र राष्ट्रमा नै सकारात्मक परिवर्तन ल्याउन सकिन्छ भन्ने सर्वमान्य सिद्धान्त रहि आएको छ। सचेत, अनुशासित तथा उत्पादनशिल जनशक्ति निर्माण गर्नका लागि शिक्षा क्षेत्र नै सर्वोपरि भुमिका अनिवार्य रहन्छ। योजना निर्माणमा

गरिबी निवारण तथा चौतर्फी विकासका लागि शिक्षा क्षेत्रलाई मानव संशाधन विकासको एक सशक्त माध्यमको रुपमा नीतिगत रुपमा अबलम्बन गरिएको छ।

दार्मा गाउपालिको शैक्षिक गुणस्तरलाई सुधार गर्ने उद्धेश्यले यस दार्मागाउपालिकाभित्रका सामुदायिक विद्यालयहरुमा दार्मा गाउँपालिका र अभिावकहरुको साझेदारीमा शिक्षण सिकाइ सुधार कार्यक्रम कार्यान्वयन गर्न वाञ्छनीय भएकोले दार्मा गाउँपालिकाको कार्यपालिकाले यो कार्यविधि बनाएको छ।

परिच्छेद १ संक्षिप्त नाम र परिभाषाः .

(क“ यस कार्यविधिको नाम (दार्मा गाउँपालिका र अभिावकको साझेदारीमा शिक्षण सिकाइ सुधार कार्यक्रम

कार्यान्वयन कार्यविधि, २०८१ रहेको छ। ”

यो कार्यविधि दार्मा गाउँपालिका क्षेत्र भित्र लागू हुनेछ

यो कार्यविधि गाउँ कार्य पालिकाबाट स्वीकृत भएको मितिदेखि प्रारम्भ हुनेछ।

परिच्छेद २: परिभाषा. विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा, यस कार्यविधिमाः

"गाउँपालिका" भन्नाले दार्मा गाउँपालिका लाई सम्झनु पर्छ।

“कार्यविधि”, दार्मा गाउँपालिका र अभिावकको साझेदारीमा शिक्षण सिकाइ सुधार कार्यक्रम

कार्यान्वयन कार्यविधि, २०८१”लाई सम्झनु पर्छ।

"कार्यपालिका " भन्नाले दार्मा गाउँकार्यपालिकालाई सम्झनु पर्छ।

" शाखा " भन्नाले दार्मा गाउँ पालिकाको शिक्षा युवा तथा खेलकुद शाखालाई सम्झनु पर्छ।

“शाखा प्रमुख ” भन्नाले गाउँपालिकाको शिक्षा शाखा प्रमुखको रुपमा काम गर्ने अधिकृत स्तरको कर्मचारी वा प्रमुखको रुपमा जिम्मेवारी पाएको कर्मचारीलाई सम्झनुपर्छ।

३ कार्यक्रमको लक्ष्य र उद्धेश्य

३.१) विद्यालय सुधार योजनामा तय गरिएका कार्यक्रमहरु कार्यान्वयन गर्नु

३.२) दार्मा गाउँपालिका भित्रका विद्यालयहरुको शैक्षिक गुणस्तर सुधार गर्न गाउँपालिका र अभिभावकहरुको साझेदारीमा कार्यक्रम कार्यान्वयन गर्नु ।

४. कार्यक्रम सञ्चालन प्रक्रिया

४.१) विद्यालयमा संचालन भएको जम्मा कक्षा (वर्ग कक्षा समेत) संख्याबाट विद्यालयमा कार्यरत शिक्षक (दरबन्दी,राहत,शिक्षण सहयोग अनुदान) संख्या घटाइ आएको संख्यालाई अपुग शिक्षक संख्या भन्ने

४.२) विद्यालयमा कार्यरत शिक्षकको (दरबन्दी,राहत,शिक्षण सहयोग अनुदान) संख्यालाई ४० ले गुणन गरी शिक्षक विद्यार्थी अनुपात भन्ने।

४.३) विद्यालयमा कार्यरत शिक्षकको (दरबन्दी,राहत,शिक्षण सहयोग अनुदान) संख्यालाई ४० ले गुणन गरी आएको गुणनफलबाट इमसिमा कायम भइ प्रथम आन्तरिक मूल्याङ्कन सम्म ७५ प्रतिशत हाजिर भएको वा आन्तरिक मूल्याङ्कनमा सहभागी भएका (बालबिकास बाहेकको) जम्मा विद्यार्थी संख्या घटाइ बढी विद्यार्थी संख्या भन्ने।

४.४) विद्यालयमा कार्यरत शिक्षकको (दरबन्दी,राहत,शिक्षण सहयोग अनुदान) संख्यालाई ४० ले गुणन गरी आएको गुणनफलबाट इमसिमा कायम भइ प्रथम आन्तरिक मूल्याङ्कन सम्म ७५ प्रतिशत हाजिर भएको वा आन्तरिक मूल्याङ्कनमा सहभागी भएका (बालबिकास बाहेकको) जम्मा विद्यार्थी संख्या घटाइ बढी विद्यार्थी संख्या 0 (शून्य) भन्दा कम भएमा 0 (शून्य) नै गणना गर्ने।

४.५) गाउँ सभाबाट विनियोजन भएको **दार्मा गाउँपालिका र अभिावकको साझेदारीमा शिक्षण सिकाइ सुधार कार्यक्रम** शीर्षकको कुल बजेटमा संघीय अनुदानबाट पारिश्रमिक पाउने बालबिकास सहजकर्ता कार्यालय सहयोगी विद्यालय सहयोगीका लागि थप र पालिकाको अनुदानबाट पारिश्रमिक पाउने बालबिकास सहजकर्ता कम्प्युटर सहायक र विद्यालय अनमि कार्यरत रहेका विद्यालयमा निजहरुको पारिश्रमिक बापतको वार्षिक अनुदान रकम (विद्यालयगत) निकाल्ने।

४.६) दरबन्दी मिलानपश्चात पदस्थापन भएको विद्यालयबाट अन्य विद्यालय वा क्षेत्रमा काज खटाएको शिक्षकको पदाधिकार रहेको विद्यालयमा काज ब्यवस्थापन अनुदान (दरबन्दी मिलान कार्यबिधि २०८०अनुसार) रकम निकाल्ने ।

४.७ ) **दार्मा गाउँपालिका र अभिावकको साझेदारीमा शिक्षण सिकाइ सुधार कार्यक्रम** शीर्षकको कुल बजेटबाट दफा ४.५ र दफा ४.६ अनुसारको रकम घटाइ बाकी रकमको ७० प्रतिशत अपुग शिक्षक ( विद्यालयगत) अनुदान रकम निकाल्ने।

४.८) **दार्मा गाउँपालिका र अभिावकको साझेदारीमा शिक्षण सिकाइ सुधार कार्यक्रम** शीर्षकको कुल बजेटबाट दफा ४.५ र दफा ४.६ अनुसारको रकम घटाइ बाकी रकमको ३० प्रतिशत बढी विद्यार्थीका लागि विद्यालयगत (दामासाही) अनुदान रकम निकाल्ने तर अनुदान प्राप्त गर्ने नियतले गलत तथ्याङ्क दिएको खण्डमा थप विद्यार्थी वापतको अनुदान ०(शुन्य) निकाल्ने।

४.९) दफा ४.५ दफा ४.६ दफा ४.७ र दफा ४.८ को रकम जोडेर आएको रकमलाई दार्मा गाउँपालिका र अभिावकको साझेदारीमा शिक्षण सिकाइ सुधार कार्यक्रमको एकमुष्ट रकम रकम निकाल्ने।

४.१०) गाउपालिका र अभिभावकको साझेदारीमा शैक्षिक गुणस्तर सुधार कार्यक्रम संचालन गर्न इच्छुक विद्यालयहरुले विद्यालय सुधार योजनामा उल्लेख भएका योजनाहरु कार्यान्वयन गर्ने प्रस्तावना पत्र तयार गरी पहिलो त्रैमासिकको दोस्रो महिना भित्र शिक्षा युवा तथा खेलकुद शाखामा पेस गर्ने।

४.११) शिक्षा युवा तथा खेलकुद शाखाले विद्यालयहरुको प्रस्तावना पत्रका आधारमा अभिभावक र गाउँ पालिकाको साझेदारीमा शैक्षिक गुणस्तर सुधार कार्यक्रम संचालनका लागि शिक्षा समितिको सिफारिस र कार्यपालिकाको निर्णय अनुसार चौमासिक रुपमा विद्यालयहरुलाई अनुदान उपलब्ध गराउने।

४.१२) अनुदान रकम विद्यालयले तयार गरेको प्रस्तावनाका आधारमा तयार गरेको शैक्षिक गुणस्तर सुधार कार्यक्रम कार्यान्वयन कार्ययोजना अनुसारका कार्यक्रमहरुमा खर्च गर्ने।

**परिच्छेद ५. अनुदान रकम प्राप्त गर्न पुरा गर्नु पर्ने सर्तहरु**

क) विद्यालयले विद्यालय सुधार योजना र वार्षिक कार्यान्वयन योजना निर्माण गरि  विब्यसबाट स्वीकृत गरेको,

ख) विद्यालयमा बिब्यस ,शिअसं गठन भई नियमानुसार बैठक बसेको,

ग) विद्यालयले प्राप्त गरेको दरबन्दी ,राहत र शिक्षण सहयोग अनुदानमा शिक्षक रिक्त नभएको

घ) विद्यालयमा सामाजिक  र लेखा परीक्षण भई बेरुजु नदेखिएको

ङ) गाउ पालिकाका र अभिभावकको  साझेदारी कार्यक्रम  कार्यान्वयन गर्न  अपुगस्रोत ब्यवस्थापन गर्ने विव्यसको प्रतिबद्धता

ङ) गाउँपालिका र अभिभावकको  साझेदारीमा कार्यक्रम  कार्यान्वयन प्रस्तावना पत्र शिक्षा , युवा तथा खेलकुद  शाखामा पेश गरेको

६.अनुदान रकम सिफारीस विधि तथा प्रक्रिया

क) गाउँपालिका र अभिभावकको साझेदारीमा कार्यक्रम  कार्यान्वयन अनुदानका लागि कार्यक्रममा सहभागी हुन चाहने दार्मा गाउपालिका भित्रका सामुदायिक विद्यालयहरुले  शिक्षा ,युवा तथा खेलकुद  शाखाले तोकेको मिति भित्र तोकिएको ढाँचामा प्रस्तावना पत्र पेश गर्ने ।

ख) शाखा प्रमुखले  प्राप्त गरेको प्रस्तावनापत्र  मुल्याङकन गरी अनुदान प्राप्त गर्ने विद्यालय र रकम समेत खुलाई गाउँशिक्षा समितिमा पेस गर्ने

ग)  शिक्षा समितिको सिफारीसमा कार्यपालिकाको निर्णयबाट विद्यालयको स्वीकृत प्रस्तावना अनुसार कार्य सम्पादन  सम्झौता गराइ अनुदान रकम उपलब्ध गराउने ।

७ अनुदान रकम खर्च गर्ने आधार र प्रक्रिया

कार्यसम्पादन सम्झौता बमोजिम स्थानीय तहबाट प्राप्त अनुदान देहायको शीर्षकमा खर्च गर्नुपर्नेछ:

क) न्युनतम योग्यता पुगेका  शिक्षकहरुको लागि  पारिश्रमिक ,

ख) शैक्षिक सामग्री विकास खर्च,

ग) विद्यालय सुधार योजनामा आधारित रही शैक्षिक सुधारको लागि आवश्यक खर्च,

आज्ञाले,

रेशम ओली

प्रमुख प्रशासकीय अधिकृत